स्थानीय सरकार
# कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
विर्घा, स्याङ्जा
स्थापित २०७३

पत्र संख्याः २०८१।०८२
चलानी नं.

गण्डकी प्रदेश, नेपाल

मितिः२०८२/०३/२५
ने.सं. ११४४

**विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।**

जो जससँग सम्बन्धित छ ।

स्याङ्जा जिल्ला कालीगण्डकी गाउँपालिका अन्तर्गत श्री जनता आधारभूत विद्यालय, कालीगण्डकी-४ मा रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणीको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं. ३५ मिति २०८२/०३/२३ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र शिक्षा नियमावली, २०५९ को अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका,२०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल janatabasic133@gmail.com ठेगाना मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिम रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन ।

परशुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री शिक्षा विकास तथा समन्वय इकाइ, स्याङ्जा।

श्री जनता आधारभूत विद्यालय कालीगण्डकी गा.पा.-४, स्याङ्जा।